आज मिति २०८० साल जेष्ठ २१ गते आईतबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा १५ (पन्धौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्यः श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयनको अवस्था तथा भुक्तानी गर्ने समयावधि सम्बन्धमा।
३. नगरपालिका भित्र निर्माण भएका संरचनाहरुको नक्सा पास सम्बन्धमा।
४. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि उपयुक्त स्थान तथा जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा।
५. नगर विकास कोषसँगको समन्वय, सहयोग तथा सहकार्यमा जग्गा एकीकरण पद्धतिद्वारा योजनावद्ध व्यवस्थित शहरी विकास योजना संचालन सम्बन्धमा।
६. ईलाका प्रहरी कार्यालयको स्थापना तथा भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा।
७. राधास्वामी सत्संग व्यास नेपाललाई जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा।
८. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) को कार्यान्वयन तथा भुक्तानी गर्ने समयावधि सम्बन्धमा।
३. आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको बिक्रि निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र आव्हानको प्रकृया अगाडी बढाउने सम्बन्धमा।
४. आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) को तर्जुमा सम्बन्धमा।
५. अनुरोध गर्ने सम्बन्धमा।
६. वडास्तरीय अनुगमन समिति गठन गर्ने सम्बन्धमा।
७. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

<u>निर्णय नम्बर २:</u>

यस नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) तर्जुमा प्रकृयाको लागि आय व्यय अनुमान तथा अन्य आवश्यक कार्यहरुको लागि समय व्यवस्थापन गर्नु पर्ने भएकोले यस नमोबुद्ध नगरपालिका दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) अन्तर्गतका नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरु जेष्ठ मसान्त भित्र सम्पन्न गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने।

<u>निर्णय नम्बर ३:</u>

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि प्राकृतिक तथा खानी जन्य बस्तु (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, रोडा, काठ, माटो, दहत्तर बहत्तर) को ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) सम्बन्धी सुचना प्रकाशन गर्न सम्पूर्ण कागजातहरुको यथार्थ र विस्तृतरुपमा अध्ययन गरी ठेक्का बन्दोबस्त (बोलपत्र) को अंक तपशिल बमोजिम कायम गरी नियमानुसार बोलपत्र आह्वान गर्ने।

मिति २०७९ साल असार ३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार तयार भएको लागत अनुमानको विवरणः

*तालिका १:* आर्थिक वर्ष २०७८/०७९ मा वास्तविक संकलन भएको यथार्थ राजश्वको विवरणः

| क्र.म. | विवरण | रकम (रु.) | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकाको कर्मचारी मार्फत | रु. १,२१,५८,००० | मिति २०७८/०४/०१ गते देखि २०७८/०९/०९ गते सम्म | |
| २ | बोलपत्र (ठेक्का) मार्फत | रु. १,५३,६८,००० | मिति २०७८/०९/१० गते देखि २०७९/०३/३२ गते सम्म | छुट बाहेक |
| | जम्मा | रु. २,७५,२६,००० | | |

*तालिका २:* उद्योगबाट निकासी गरिने गाडीका आधारमा अनुमानित राजश्व विवरणः

| क्र.म. | खानि उद्योगको विवरण | ठेगाना | औषत निकासी हुने गाडी (टिपर/ठुलो गाडी) को संख्या (सम्बन्धमा | बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ बमोजिम | प्रति दिन संकलन दर | वार्षिक | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उद्योग र सङ्कलनमा खटिएका कर्मचारीबाट प्राप्त विवरणका आधारमा) | प्रति गाडी औषत राजश्व | | | |
| १ | श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १० | ३००० | रु.३०,००० | रु.१,०९,५०,००० | खानी तथा भूगर्भ विभाग र नगरपालिकामा दर्ता भएको |
| २ | श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १५ | ३००० | रु.४५,००० | रु.१,६४,२५,००० | खानी तथा भूगर्भ विभागमा दर्ताको लागि निवेदन पेश भएको |
| | जम्मा | | २५ | | रु.७५,००० | रु.२,७३,७५,००० | |

*तालिका ३:* तालिका १ र तालिका २ को आधारमा आर्थिक वर्ष २०७९/०८० को लागि गरिएको न्यूनतम प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्रि तथा निकासी शुल्क दस्तुर संकलनः

| क्र.म. | विवरण | क | ख | औषत | कैफियत |
|---|---|---|---|---|---|
| १ | रकम | रु. २,७५,२६,००० | रु.२,७३,७५,००० | रु.२,७४,५०,५०० | |

खानी तथा भूगर्भ विभाग लैनचौर र नमोबुद्ध नगरपालिकामा नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि., वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. र नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थित श्री पशुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. मात्र दर्ता भएको र अन्य उद्योग/खानीहरु दर्ताको प्रक्रियामा नै रहेको।

खानी तथा भूगर्भ विभाग लैनचौर र नमोबुद्ध नगरपालिकामा दर्ता भएको नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थित श्री पशुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. ले प्राविधिक कारण देखाई आर्थिक वर्ष २०७७/०७८ मा संचालन नगरेको र आर्थिक वर्ष २०७८/०७९ मा पनि तत्काल संचालन गर्न नसक्ने अवस्थामा रहेको जानकारी दिएको तर आर्थिक वर्ष २०७९/८० मा संचालनका लागि नगरपालिकाबाट म्याद थपको

सिफारिस मार्फत खानी तथा भूगर्भ विभागमा म्याद थपको लागि निवेदन पेश गरेको तर संचालन गर्ने अवस्था नदेखिएको।

माथि उल्लेख तालिका र बुद्दालाई मध्यनजर गरी हालका लागि खानी तथा भूगर्भ विभाग लैनचौर र नमोबुद्ध नगरपालिकामा दर्ता भएको र संचालनमा नै रहेको नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. लाई आधार मानि माथि उल्लेख भए अनुसारको लागत अनुमान. रु.२,७४,५०,५०० (मु.अ.कर सहित) लाई न्यूनतम रकम कायम गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिमको खण्ड घ. (६) अनुसार यस नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक तथा खानी जन्य बस्तुको ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) सम्बन्धी सुचना प्रचलित कानुन बमोजिम प्रकाशन गर्ने र वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि.को मात्र मूल्यांकन गरी नियमानुसार सूचना प्रकाशित गरिएकोमा प्रचलित कानुनको अधिनमा रही नियामानुसार दर्ता हुन आएको बोलपत्र (श्री एस एण्ड एम निर्माण सेवा प्रा.लि., डराउने पोखरी, काभ्रेपलाञ्चोक) खोल्दा माग भएका सम्पूर्ण कागजात र नियमानुसार सम्पूर्ण प्रकृया पुरा गरी दर्ता भएको श्री एस.एण्ड.एम निर्माण सेवा प्रा.लि., नमोबुद्ध नगरपालिका-०८, काभ्रेपलाञ्चोकले कबोल अंक रकम रु. २,७५,२६,८०० (दुई करोड पचहत्तर लाख छब्बीस हजार आठ सय) स्वीकृत गरी सो बोलपत्रदातासँग प्रचलित कानुन बमोजिम सम्झौता, पट्टाको फारम, कबुलियतनामा, कार्यादेश लगायतका प्रकृया अगाडी बढाई हाल कार्यान्वयन भई रहेको छ।

मिति २०७९ साल असार ३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार माथि उल्लेखित विवरणका आधारमा तयार भएको लागत अनुमानमा आर्थिक वर्ष २०८०/०८१ मा कुनै पनि परिवर्तन नदेखिने अवस्था र लागत अनुमान बढाउनु पर्ने कुनै पनि आधार नरहेकोले आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भई तयार गरिएको वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि.को लागत अनुमान. रु.२,७४,५०,५०० (मु.अ.कर सहित) लाई न्यूनतम बोलपत्र कबोल अंक कायम गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिमको खण्ड घ. (६) तथा बागमती प्रदेश सरकारद्धारा स्वीकृत आर्थिक ऐन अनुसार यस नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि प्राकृतिक तथा खानी जन्य बस्तु (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, रोडा, काठ, माटो, दहत्तर बहत्तर) को ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) अनुसार बोलपत्र आव्हानको प्रकृया बढाबढको माध्यमबाट सुचना प्रकाशन गर्ने।

निर्णय नम्बर ४:

यस नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) तर्जुमा प्रकृया यथाशीघ्र सुरु गर्ने र सो सम्बन्धमा नगर कार्यपालिकाबाट गठित सम्पूर्ण समितिहरुको बैठक आवश्यकता अनुसार अध्यक्षले आव्हान गर्ने।

निर्णय नम्बर ५:

संघीय सरकारबाट आर्थिक वर्ष २०७९/०८० को लागि यस नगरपालिकालाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान रकमको अन्तिम किस्ताको ५०% (पचास प्रतिशत) मात्र उपलब्ध गराउने विषयले यस नगरपालिका अधिकांश योजनाहरु सम्पन्नको चरणमा रहेको हुदाँ उक्त अनुमानित गरिएको वित्तीय अनुदान प्राप्त नहुँदा विकासका क्षेत्रमा गम्भीर अवरोध उत्पन्न हुने भएकोले यस नगरपालिकालाई प्राप्त हुने अनुदान रकम नघटाउन संघीय सरकार समक्ष अनुरोध गर्ने।

निर्णय नम्बर ६:

आगामी आर्थिक वर्ष २०८०/०८१ बाट लागु हुने गरी नगरपालिका भित्र संचालन हुने ५ (पाँच) लाख भन्दा कमका आयोजनाहरुको अनुगमन गरी भुक्तानी सिफारिस गर्न तपशिलको वडास्तरीय अनुगमन समिति गठन गर्ने।

तपशिलः

| | |
|---|---|
| १. वडा अध्यक्ष | - संयोजक |
| २. सम्बन्धित क्षेत्र तथा नजिकको स्थानको वडा सदस्य | - सदस्य |
| ३. सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी | - सदस्य |
| ४. वडा सचिव | - सदस्य-सचिव |